# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।११।१३ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

आन्तरिक राजस्व कार्यालय, भरतपुर, चितवनमा कार्यरत कम्प्युटर अधिकृत रामकुमार अधिकारीले विद्युतीय बिजक जारी गर्ने अनुमति-पत्र बनाई दिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौडाबाट खटिई गएको टोलीले निज रामकुमार अधिकारीलाई सेवाग्राहीसँग रु.१०,०००।– (दस हजार) घुस/रिसवत लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा आन्तरिक राजस्व कार्यालय भरतपुर चितवनका कम्प्युटर अधिकृत रामकुमार अधिकारीले सेवाग्राहीसँग निजको भरतपुर महानगरपालिका वडा नं. २ मा रहेको ट्रष्ट मेडिकल सप्लायर्सको कम्प्युटर सफ्टवेयर प्रमाणपत्र अर्थात विद्युतीय बिजक जारी गर्ने अनुमति-पत्र बनाई दिने भनी रु. १०,०००।– (दस हजार) घुस/रिसवत माग गरी लिएको भन्ने तथ्य निर्विवाद रुपमा पुष्टि हुन आएकोले निजले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएको देखिंदा निज रामकुमार अधिकारीलाई बिगो रु. १०,०००।– कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला